नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय,

**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**

बबरमहल, काठमाडौं ।

# मालसामान सम्बन्धी सिलवन्दी बोलपत्र/दरभाउपत्र अह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६/१०/२९**

यस केन्द्रको लागि विभिन्न किसिमका उपकरणहरू खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सेवा प्रदायक व्यवसायीहरूले तपसिल बमोजिमको शर्त भित्र रही रीतपूर्वकको सिलवन्दी बोलपत्र/ दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ ।

**शर्तहरू**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बोलपत्र भए ३० औं दिन र दरभाउ पत्र भए १५ औं दिनको कार्यालय समयमा बोलपत्र/दरभाउपत्र फाराम खरिद गरिसक्नु पर्नेछ । चालु आ.व. को फर्म नविकरण भएको इजाजतपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी काममा कुनै सजाय नपाएको भनी लिखित रूपमा घोषणा गरेको पत्रसहित बोलपत्र/दरभाउपत्र पेश गर्नुपर्नेछ ।

२. उल्लेखित बोलपत्र/दरभाउपत्र दर्ता गर्ने म्याद समाप्त भएको भोलीपल्ट १२ :०० भित्र दार्ता गरि कक्नु पर्ने छ र सोही दिनको २ बजे बोलपत्र/दरभाउपत्र दाताहरूको रोहवरमा वा निजहरूको प्रतिनिधिहरूको रोहवरमा यस केन्द्रमा खोलिने छ । यदि बोलपत्र/दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरू अनुपस्थित भएमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । बोलपत्र/दरभाउपत्र खरिद गर्ने, बुझाउने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरू क्रमशः सोको भोलिपल्ट हुनेछ ।

३. यस केन्द्रलाई आवश्यक पर्ने उपकरणको Technical Specification बोलपत्र/दरभाउपत्रसाथ संलग्न गरिएको छ । संलग्न Technical Specification बमोजिम सेवाप्रदायक व्यवसायीले बोलपत्र/दरभाउपत्र फाराम भरी पेश गर्नुपर्नेछ ।

४. सिलवन्दी बोलपत्र राम्रोसँग सिल लगाएको र बोलपत्रको प्रत्येक पन्ना अध्ययन गरी भर्नुपर्ने व्यहोरा सम्पूर्ण भरी दस्तखत र सही छाप लगाएको हुनुपर्नेछ । सिलवन्दी बोलपत्र/दरभाउपत्र फाराम यस कार्यालयबाट रू.३०००।-/रू. १०००।- तिरी आर्थिक प्रशासन शाखाबाट खरिद गर्न सकिने छ । बोलपत्र/दरभाउपत्रको प्रत्येक पानामा दस्तखत प्रमाणित भए नभएको रूजु गरी खरिद गर्नु पर्ने छ ।

५. सिलवन्दी बोलपत्र/दरभाउपत्र साथ आफूले कबोल गरेको रकम (भ्याट बाहेक) को ३ प्रतिशतले हुन आउने रकम बराबर कम्तीमा १२० दिनको म्याद भएको वाणिज्य बैंकहरूको जमानतपत्र (बैंक ग्यारेण्टी) वा **आवश्यक धरौटी वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहलको धरौटी खाता नं. १२०१२०००१००२५२४ (अफि कोड २७-३२९(१७) मा जम्मा गरेको** नेपाल राष्ट्र बैंकको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

६. बोलपत्र/दरभाउपत्र फाराममा दररेट भर्दा अङ्क र अक्षर दुवैमा भर्नु पर्ने छ ।अङ्क र अक्षर फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. ठेक्का सम्झौता स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा ठेक्का अङ्कको ५ प्रतिशतले हुन आउने रकम धरौटी खातामा जम्मा गरी वा वाणिज्य बैंकहरूको वैंक ग्यारेन्टी पेश गरी सम्झौता गर्न उपस्थित हुनपर्नेछ ।

८. तपसिलमा उल्लेखित कार्यकको निमित्त छुट्टा छुट्टै बोलपत्र/दरभाउपत्र तयार गरिएको हुँदा प्रत्येक कार्यको लागि छुट्टै बोलपत्र/दरभाउपत्र पेश गर्नु पर्ने छ ।

९. सिलवन्दी बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहने छ । अन्य कुरा बुझ्नु परेमा यस केन्द्रमा सम्पर्क गर्न सकिने छ ।

१०.माथि उल्लेख नभएका अन्य कुराहरूको हकमा नेपाल सरकारको प्रचलित ऐन, नियमानुसार हुनेछ ।

| सि.नं. | ठेक्का नं. | खरिद गर्नुपर्ने उपकरणहरूको छोटकरी विवरण | ठेक्काको किसिम | ठेक्का दस्तुर (फिर्ता नहुने) | मु.अ.कर बाहेक लागत अनुमान |
|---|---|---|---|---|---|
| १ | १० | रूखको धोदपना विश्लेषण गर्ने X-Ray Machine (Tomograph) | बोलपत्र | ३,०००।- | २३,२५,०००।- |
| २ | ११ | काठको गुणस्तर मापन गर्ने Universil Testing Machine | दरभाउपत्र | १,०००।- | १४,१२,५००।- |

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

**वन अनुसनधान तथा प्रशिक्षण केन्द्र**

बबरमहल, काठमाडौं

## उपकरण खरिद सम्बन्धी सिलवन्दी बोलपत्र/दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/१०/२९)

यस केन्द्रको लागि विभिन्न किसिमका उपकरणहरू खरिद गर्नुपर्ने भएको हुँदा सो सम्बन्धी विस्तृत सूचना यस केन्द्रको सूचना पाटीमा टाँस गरी केन्द्रको Website:www.frtc.gov.np मा समेत राखीएको छ । विस्तृत सूचनामा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको सिलवन्दी बोलपत्र/दरभाउपत्र आह्वान गरिन्छ ।

| सि.नं. | ठेक्का नं. | खरिद गर्नुपर्ने उपकरणहरूको छोटकरी विवरण | ठेक्काको किसिम | ठेक्का दस्तुर (फिर्ता नहुने) | मु.अ.कर बाहेक लागत अनुमान |
|---|---|---|---|---|---|
| १ | १० | रूखको धोदपना विश्लेषण गर्ने X-Ray Machine (Tomograph) खरिद | बोलपत्र | ३,०००।- | २३,२५,०००।- |
| २ | ११ | काठको गुणस्तर मापन गर्ने Universil Testing Machine खरिद गर्ने | दरभाउपत्र | १,०००।- | १४,१२,५००।- |